सिस्ने गाउँपालिका
# गाउँ गाउँसभाको सचिवालय

रुकुमकोट, रुकुम (पूर्व)
लुम्बिनी, प्रदेश, नेपाल

पत्र संख्याः २०७९।८०
च. नं. १९५२

मितिः २०८०।०३।१०

## सिस्ने गाउँपालिकाको आर्थिक बर्ष २०८०-८१ को नीति तथा कार्यक्रम सभाबाट पारित भएको सम्बन्धमा

प्रस्तुत विषयमा गाउँसभा\नगरसभा (कार्य सञ्चालन) कार्यविधि ऐन, २०७६ को दफा ३ बमोजिम सिस्ने गाउँसभाको १३ औं अधिवेशनबाट मिति २०८० असार १० गते गाउँसभाको दोस्रो बैठकबाट सिस्ने गाउँपालिकाको आर्थिक बर्ष २०८०-८१ को बार्षीक निति तथा कार्यक्रम पारित भएको प्रमाणित गरिन्छ ।

(कृष्ण रेग्मी)
सभाध्यक्ष
सिस्ने गाउँसभा

वेबसाईटः www.sisnemun.gov.np ईमेलः sisnermun@gmail.com फोन नं.: ०८८-४१३०६४

# सिस्ने गाउँपालिका अध्यक्ष कृष्ण रेग्मीले
# १३ औ गाउँसभामा प्रस्तुत गर्नुभएको

# आगामी आर्थिक वर्ष २०८०।०८१ को
# नीति तथा कार्यक्रम
# मितिः २०८०।०३।०५

सिस्ने गाउँपालिका

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान २०७२ स्थानीय सरकार सञ्चालन ऐनले व्यवस्था गरे बमोजिम सिस्ने गाउँपालिकाको १३ औ गाउँसभाको बैठकमा नीति तथा कार्यक्रम राख्न पाउँदा हामि उत्साह र खुसी व्यक्त गर्दछौ । सम्पूर्ण अवस्था परिर्वतनका लागि राज्य व्यवस्था बदल्न आफ्नो अमुल्य जीवन बलिदान गर्नुहुने लामो राजनितिक संघर्ष कालका ती तमाम ज्ञात अज्ञात शहिदहरु प्रति भापूर्ण हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौ ।

व्यपता योद्धाहरु प्रति उच्च सम्मान व्यक्त गर्दछौ । घाइते अपांगप्रति पनि उच्च कदर प्रकट गर्दछौ । साथै रगत, आशु र पसिना दिएर समाज परिर्वतनको अभियानमा आफनो अमुल्य ऐक्यवद्धता जनाउनु हुने राजनैतिक नेता कार्यकर्ता योद्धा एवम् आम जननसमुदायमा उच्च सम्मान व्यक्त गर्दछु ।

गत एक वर्षभत्रिमा स्थानीय निर्वाचन, प्रदेश निर्वाचन, प्रतिनिधिसभा सदस्यका लागि भएको निर्वाचन पश्चात प्रदेश र संघीय संसदबाट सरकार निर्माण भइ कार्य सञ्चालन भइरहेका छन । हाम्रो संघीय व्यवस्था समन्वयात्मक सहकार्यमा आधारित परिणाम मुखि कार्य सम्पादन गर्ने विशेषता सहितको भएको हुदाँ ३ वटै सरकार सक्रिय र सिर्जनशिल हुदाँ मात्र सिघ्र सफलता र परिणाम प्राप्त गर्न सकिने कुरामा हामि प्रतिवद्ध छौ ।

सिस्ने गाउँपालिका

शान्ति स्थापनाका लागि द्धन्द्ध व्यवस्थापन **शान्ति देखिने, द्धन्द्ध मेटिने, पहिचान झल्किने** र **ऐतिहासिकता टल्कने** दिगो विकासका हाम्रा साझा प्रतिवद्धताहरु छन । तर हाम्रा केहि राजनितिक परिस्थितिका कारण हामि अपेक्षाकृत आर्थिक सामाजिक अवस्थामा परिर्वतन ल्याउन अझै सकिरहेका छैनौ । जसका कारण हाम्रा राजनैतिक आर्थिक सामाजिक चुनौतिहरु छन, भने अर्कोतिर तीव्र विकासको अपेक्षा र शिघ्र परिर्वतनको मनोविज्ञान सहित सामाजिक राजनैतिक  जागरणले उर्जाको काम गरिरहेको छ ।

मुलुकले २०७२ सालको विनाशकारी महाभुकम्प र त्यस पछिको पुनःनिर्माणमा ठुलो धनरासी लगानी गर्नुपर्ने अवस्था भयो । दुई दुई वर्षको कोभिड १९ का कारण लकडाउनको अवस्था व्यहोर्नु पर्दा आर्थिक कारोबार ठप्प भयो । अर्कोतिर जिवनरक्षार्थका खोप एवम् औषधीलाई प्राथमिकता दिदा उत्पादनका क्षेत्र सहायक बन्न पुगे । गुप्त आर्थिक कारोबार **क्रिप्टो करेन्सी हाइपर फन्डमा** अवैध तरिकाले नगद बाहिनु अनि बाध्यात्मक एवम अबैध तरिकाले जनशक्ति विदेशीने क्रममा ठुलो धनराशी पनि बाहिरिदै जानु जस्ता मुख्य मुख्य कारणले गर्दा हाल मुलुकले आर्थिक तरलता अभाव हुदैँ आर्थिक मन्दिको सामना गरिरहेको परिपक्षमा हाम्रो पालिका पनि आर्थिक मन्दिबाट कम बेसी प्रभावित भइरहेको छ ।

विश्वका एक तिहाइ देशहरुमा आर्थिक मन्दि जारी छ, भन्ने रुष-युक्रेन युद्ध अन्य देशहरुको आपसी द्धन्द अन्तराष्ट्रिय रुपमा कतिपय देशहरु बीचको आपसी राजनितिक, आर्थिक, व्यापारिक, धार्मिक र सामाजिक तनावका कारण आयात हुने तेल एवम अन्य वस्तुहरुमा भएको चर्को मुल्यवृद्धिसंग हाम्रो अर्थतन्त्र नराम्रोसंग प्रभावित भएको छ । जसका कारण पुँजिबजार

आक्रान्त छ । वारसलात असन्तुलनमा छ । यो सूचकबाट हाम्रो चालु बजेटको आकारमा संकुचन आउनु पनि वारसलातको कारण हो । आगामि आर्थिक वर्षमा हामिले यस्तो समस्या अझै सामना गर्नुपर्ने परिस्थि बनेको छ ।

अन्तराष्ट्रिय, राष्ट्रिय रुपमा यस्तो परिस्थिति छ, भने हाम्रो गाउँघरमा उत्पादनका क्षेत्रहरु घटिरहेका छन । खेतबारी तथा खेतियोग्य जमिनहरु बाझा हुदैँ गएका छन । बाली नाली लगाउँदा पनि विभिन्न कारणले गर्दा उत्पादन कम र दैनिक उपभोग्य बस्तुको माग बढी हुँदै गइरहेको छ । श्रम शक्तिलाई स्वदेशमै तथा गाउँघरमै आकर्षित गर्न सकिरहेका छैनौ । अहिलेका हाम्रा प्रमुख चुनौतिहरु यि नै रहेका छन ।

सिस्ने गाउँपालिकाको चालु प्रगति समिक्षात्मक प्रतिवेदन र आर्थिक वर्षको सामान्य समिक्षा र विश्लेषण संगै तदअनुकुलताका निति तथा कार्यक्रम तय गर्दै आगामी आर्थिक योजनाहरु निर्धारण गरिनेछ ।

**गाउँसभाका सदस्यज्यूहरू,**

## चालु आ.२०७९-८० को हालसम्मका प्रमुख उपलब्धीहरुको संक्षिप्त विवरण

यस सभामा आज नीति तथा कार्यक्रम प्रस्तुत गर्दासम्म चालु आर्थिक बर्ष २०७९-८० मा संसोधित कूल बजेट ६१ करोड ६९ लाख ०३ हजार बाट ३७ करोड ४२ लाख ६८ हजार खर्च भइ हालसम्म ६०.६६ प्रतिशत खर्च भएको जानकारी गराउँदछु । यसमध्य केही प्रतिनिधीमूलक र मूख्य-मूख्य

क्रियाकलापहरू यस सम्मानित सभाको जानकारिको लागि देहाय बमोजिम प्रस्तुत गरिएको छ:

**क भौतिक उपलब्धीः**

- भवन तर्फ- ३ सरकारी, १० सामुदायिक, ९ बिद्यालय तथा ११ अन्य नयाँ भवन निर्माण भएको साथै ३८ भवन मर्मत, घेरबार र फर्निचर थप गरिएको ।
- सडक तर्फ- १२ कि. मि. सडक नयाँ ट्र्याक खोल्नुका साथै ७ कि.मि. सडक स्तरोन्नति तथा मर्मत गरिएको ।
- खानेपानी तर्फ - १० नयाँ खानेपानी निर्माण , २१ वटा मर्मत गरिएको ।
- सिचाई तर्फ- १ सिचाई आयोजना सम्पन्न भएको ।
- वडा नं ४,७ र ८ वडा कार्यालयमा सौर्य उर्जा जडान गरिएको ।
- सरसफाईको लागि छिप्रिदह –सेराखेत २ कि.मि ढल निकास निर्माण गरिएको र गाउँपलिकामा ४ शौचालय निर्माण गरिएको ।
- पर्यटन पूर्वाधार तथा अन्य पूर्वाधार तर्फ – १४ वटा संग्रालय/ मठ मन्दिर ,२ वटा पार्क निर्माण गरिएको ।
- ख्वापा, ठानाखोला, मार्केकोलडाँडा, झाक्रीखराङ खोला, लामामागर) झोलुङ्गे पुल निर्माणका लागि स्टिल पार्ट्स खरिद गरि निर्माण कार्य अगाडि बढेको छ ।

**ख सामाजिक उपलब्धीः**

शिक्षा तर्फ:

- सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुसँग शैक्षिक गुणस्तर सुधारका लागि करार सम्झौता मिति २०७९ असोज ३० गते गरी कार्यान्वयन भएको र शैक्षिक सत्र २०८० का लागि प्रधानाध्यापक बैठकबाट नवीकरण गरिएको छ ।
- शैक्षिक सुधारका लागि नियमित प्रधानाध्यापक बैठक, विभिन्न क्षमता विकासका तालिमहरु सञ्चालन गरिएको ।
- विद्यालयहरुमा सुक्ष्म अध्ययन, अवलोकन, अनुगमन तथा सुपरीवेक्षण निरन्तर गरिराखेको ।
- आर्थिक वर्ष २०७९।०८० मा २ कोठे ३ वटा ४ कोठे २ वटा र ३ वटा ICT कक्षा व्यवस्थापन गरिएको ।
- कक्षा ८ को पाठ्यपुस्तक लेखन कार्य अन्तिम चरणमा रहेको ।
- सामुदायिक माध्यमिक विद्यालय ९ वटामा विधुतीय स्यानिटरी प्याड डिस्पोजल मेसिन खरिद तथा वितरण गरिएको ।
- एक वडा एक विद्यालय छनौट गरी ८ वटा विद्यालयहरुमा (SMART EDUCATION) कार्यक्रम लागु गरिएको छ ।
- विद्यालयहरुलाई अनुदान स्वरुप उपलब्ध गाराउनुपर्ने पाठ्यपुस्तक, छात्रवृत्ती, बुककर्णर, विद्यालय संचालन, बालविकास कक्षा सामग्री व्यवस्थापन, प्राविधिक धारको ल्याव सामग्री व्यवस्थापन, कार्यसम्पादनमा आधारित अनुदान लगायतका विविध शीर्षकका अनुदान रकमहरु निकासा गरिएको ।

**ग) स्वास्थ्य तर्फ**

- गर्भवती महिलालाई फ्री एम्वुलेन्स सेवा मार्फत गाउँपालिका भित्र ३५ जना , नेपालगंजसम्म २ जना, दाङ सम्म २ जना साथै काठमान्डौ सम्म १ गरि जम्मा ४० जनालाई निशुल्क सेवा प्रदान गरिएको ।
- नारि बचत खाता सञ्चालन अन्तरगत ७० जना बालिकाको नाममा नगद रू ५००० का दरले जम्मा गरिएको ।
- सुरक्षित गर्भ पतन सेवा प्वाङ र स्यालापाखा स्वास्थ्य चौकीमा स्थापना गरिएको ।
- प्वांङ स्वास्थ्य चौकीमा प्रयोगशाला स्थापना गरिएको ।
- पोखरा स्वास्थ्य चौकीका लागि प्रयोगशालाको सामान खरिद गरि ल्याव स्थापना अन्तिम चरणमा रहेको ।

**घ आर्थिक उपलब्धीः**

- गाउँपालिकामा जम्मा ५ वटा व्यवसायीक फलफुल तथा तरकारी उत्पादन गर्ने कृषि फर्महरुले मिनिटिलर तथा ८ जना कृषकले तरकारी खेतिको लागि आवश्यक प्लिस्टिक सिल्पोलिन अनुदान समाग्री उपलब्ध गरिएको ।
- पशु तर्फ २४० सुत्केरी भैंसीलाई २५०० का दरले भत्ता वितरण गरिएको र बाँकीलाई भत्ता वितरण अन्तिम चरणमा रहेको छ ।
- पशुपञ्छि विकास अन्तरगत वाख्रा खोर, भैंसी गोठ, कुखुरा गोठ निर्माण गरिएको, सिस्ने १ मा पशु घुम्ती शिविर चलाइएको छ ।

- व्यवसायीक रुपमा मौरि पालन गर्ने कृषकहरुले मागको आधरारमा मौरि घार लगायत मौरि पालनमा आवश्यक सामाग्री उपलब्ध गराइएको ।
- पालिका भित्र च्याउ खेति गर्ने करिव ८०० जना कृषकले १५०० प्याकेट कन्ने च्याउ विउ उपलब्ध गराइएको छ ।
- **गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम** अन्तर्गत ३२ नयाँ उद्यमि सिर्जना तथा ३४ पुराना उद्यमिलाई स्तरोन्नति गरिएको । साथै ६६ जनालाई उपयुक्त प्रविधि हस्तान्तरण गरिएको ।
- सिस्ने १ र २ नं वडामा गत आ.व.मा स्थापना भएको स्याउ/ओखर पकेट विकास कार्यक्रम अन्तरगत २ नं वडामा साना सिचाई तथा १ नं वडामा १२०० स्याउको विरुवा श्री पाथिभरा बहुद्धेशिय कृषि सहकारी संस्थाबाट वितरण गरिएको ।
- ओखर पकेट विकास कार्यक्रमबाट करिव २२०० ओखरका विरुवा ४००० केजी जैविक मल तथा अन्य उपकरण श्री साना किसान कृषि सहकारी संस्था लिमिटेडबाट कार्यक्रम संचालन भएको ।
- ८ वटै वडामा कृषि गणकहरु छनौट भई कृषि गणना भईरहेको ।
- ओखर पकेट विकास कार्यक्रम अन्तरगत २ नं वडामा साना सिचाई तथा १ नं वडामा १२०० स्याउको विरुवा श्री पाथिभरा बहुद्धेशिय कृषि सहकारी संस्थाबाट वितरण गरिएको ।
- ओखर पकेट विकास कार्यक्रमबाट करिव २२०० ओखरका विरुवा ४००० केजी जैविक मल तथा अन्य उपकरण श्री साना किसान कृषि सहकारी संस्था लि बाट कार्यक्रम संचालन भएको ।

- पालिका भरि उन्नत जातको गहुको विउ, उन्नत जातको मकै, उन्नत जातको लसुनको विउ ८० प्रतिशत अनुदानमा वितरण गरिएको ।
- करेसावारी सुधार गरि पोषण प्रवर्धन गर्ने उद्धेश्यका साथ विभिन्न सिजनमा २३०० जना कृषकहरुलाई तरकारी विउ वितरण गरिएको जस्बाट करेसाबारी सुदृढीकरण भएको
- तरकारी खेति तालिम, फलफुल  खेति तालिम कार्यक्रम विभिन्न वडामा संचालन गरि कृषकलाई क्षमता विकास गरिएको छ ।

**ङ) वन वातावरण तथा विपद् व्यवस्थापनका उपलब्धीः**

- पूर्वाधार एम्बुलेन्स सञ्चालन गरि बर्षातको समयमा निरन्तर निर्वादरुपमा सडक यातायातको आवागमनको व्यवस्था गरिएको छ ।
- तत्काल राहत वितरणको लागि विपद् व्यवस्थापन समितिको निर्णयानुसार विपद् मा परेका नागरिकहरूलाई राहत उपलब्ध गराइएको छ ।

**च) सुशासन तथा संस्थागत उपलब्धी**

- गाउँपालिकाको प्रशासनिक भवन निर्माण कार्य सम्पन्न भइ सेवा प्रवाहको थालनी समेत गरिएको ।
- आवश्यक ऐन नियम नियमावली कार्यविधि मावदण्ड निर्देशिका जम्मा ७ वटा निर्माण गरी  कार्यान्वयन ल्याइएको ।
- कर्मचारीको वृद्धि विकास तथा क्षमता विकासका लागि तालिम उपलब्ध गराइएको ।

• व्यक्तिगत घटना दर्ता अनलाइन मार्फत तथा सामाजिक सुरक्षा भत्ता बैङ्गकिङ प्रणाली मार्फत सेवा दिइएको ।

• कार्यालयको प्रशासनिक काम कारबाहीहरुलाई सफ्टवेयर सञ्चालनमा ल्याइएको ।

• पालिकाको काम कारबाहीहरुलाई विभिन्न मिडियाहरुलाई जानकारी गराउँदै आएको ।

• न्यायिक समितिमा हाल सम्म ५ वटा उजुरी दर्ता भएकोमा ४ वटा मेलमिलावाट फच्यौंट गरिएको र बाकी १ वटा दर्ता भए तर बाहिरै मिलापत्र भएका छन् ।

• चौमासिक तथा वार्षिकरुपमा प्रगति समिक्षाबारे सार्वजनिक सुनुवाई गरी नागरिकको सुसूचित हुने अधिकारलाई सम्बोधन गरिएको ।

**छ) महिला बालबालिका तथा जेस्ठ नागरिक तर्फ**

- लैंगिक हिँसा, घरेलु हिंसा न्यूनीकरणका लागि विभिन्न दिवसीय कार्यक्रमका साथै सचेतनामुलक कार्यक्रम सम्पन्न गरिएको,
- जेस्ठ नागरिकका अधिकार सवालका बारेमा सरोकारवाला निकायसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिनुका साथै जेस्ठ नागरिक परिचयपत्र वितरण गरिएको,
- बाल बिवाह न्यूनीकरणका लागि पालिकास्तरीय बालसंजाल गठन, वडास्तरीय बालकलब गठन  तथा अभिमुखीकरण साथै किशोर किशोरी जीवन उपयोगी सिप बिकास कार्यक्रम र सरोकारवालासँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको,

- अपाङ्गता भएका व्यक्तिको लागि परिचय पत्र वितरण भएको,
- सुनौला हजार दिनका महिलाको पोषण अवस्था सुधारका लागि महिला पुरुष समविकास तालिम सम्पन्न भएको,
- महिला आत्मरक्षा मानब बेचबिखन बिरुद्द सचेतना झलक कार्यक्रम सम्पन्न भएको ।

यस सभामा आउने सकरात्मक सल्लाह सुझाबहरुलाई मार्गदर्शक सिद्धान्तको रुपमा समावेश गरि यो नीति तथा कार्यक्रम यस गरिमामय सभाबाट पारित हुनेछ, भन्ने आशाका साथ यस गरिमामय सभामा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**गाउँसभाका सदस्यज्यूहरू,**

**आगामि आर्थि २०८०।०८१ का प्राथमिकता प्राप्त प्रमुख कार्यक्रमहरु**

- १ कृषि, पशुपालन र उद्यम परियोजना सञ्चालन,
- २ गुणस्तरिय र सर्वसुलभ शिक्षा,
- ३ प्रभावकारी सेवा प्रवाह सुशासन तथा संस्थागत विकास,
- ४ पूर्वाधार विकास,
- ५ पर्यटन पूर्वाधार निर्माण,
- ६ विपद व्यवस्थापन फोरमैला व्यवस्थापन वन तथा वातावरण संरक्षण

- ७ नागरिकको घरघरमा खानेपानी स सडक स्तरोन्नति,
- ८ विपन्न नागरिकहरुको आर्थिक विकास,
- ९ सिस्नेवासीलाई सर्वसुलभ स्वास्थ्य उपचारको व्यवस्था,
- १० सुखी, खुसी, समृद्ध र समुन्नत स्थानीय सरकार निर्माण ।

**गाउँसभाका सदस्यज्यूहरू,**

## कृषि

१. **एक टोल एक उत्पादनको** नारा सहित एक वडा पाचँ कृषि उपच उत्पादन गर्ने निती उच्च प्राथमिकताका साथ लागु गरिनेछ । साथै किसानको उत्पादनलाई बजारसम्म पुर्याउने कार्यलाई समेत प्राथमिकतामा राखिएको छ ।

२. महिलाहरुका लागि कृषि तथा पशु उद्यम विकास परियोजना सञ्चालन गरि सिस्ने गाउँपालिकालाई कृषिमा आत्मनिर्भर बनाइनेछ ।

३. **भूमि बैंक मार्फत** गाउँपालिका भित्र रहेका खेति योग्य बाँझो जमिनलाई कृषि उत्पादनमा उपयोगको लागि प्रोत्साहन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

४. आर्थिक वर्ष २०७९।०८० मा अभियानका रुपमा सञ्चालन गरिएको किसान सूचिकरण कार्यक्रमलाई निरन्तरता दिदै कार्यक्रम मार्फत संकलन भएका विवरणको आधारमा कृषकहरुलाई **किसान परिचयपत्र** वितरणको व्यवस्था गरिनेछ ।

५. विभिन्न कारणबाट कृषि तथा पशुपालनमा हुने जोखिम न्युनिकरण गर्न **निःशुल्क बाली तथा पशुपंछि विमा** गर्ने कार्यक्रम लागु गरिनेछ ।

६. अर्गानिक तथा रैथाने बाली **(जौ, कोदो, फापर, सिमि, भट्टमास)को** उत्पादन वृद्धि गर्न व्यक्तिगत सामुहिक तथा सहकारी कृषि खेतिलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

७. कृषि पेशालाई व्यवसायिक बनाउन उत्कृष्ट कृषि उपज उत्पादन गर्ने कृषकहरुलाई **पालिका उत्कृष्ट कृषक सम्मान कार्यक्रम**बाट सम्मान गर्ने व्यवस्था गरिनेछ ।

८. गाउँपालिकाभित्र उत्पादन हुने फोहोरमैला व्यवस्थापन गर्दै कृषि उत्पादन वृद्धि गर्न घर-घरमा **कम्पोष्ट मल तयार** गर्ने व्यवस्था मिलाइनेछ ।

९. किसानले उत्पादन गरिरहेका उत्पादनलाई वृद्धि गर्न यान्त्रिकरण, प्रविधिकरण, बजारिकरण र आधुनिकीकरण गर्ने कार्यलाई जोड दिइने छ । निजी र सहकारी मार्फत बजारिकरण एवम् आधुनिकीकरणको कार्यलाई तिव्र रुपमा अघि बढाइने छ ।

१०. संघ प्रदेश सरकारसंगको साझेदारिमा प्राङ्गारिक र जैविक मलको उत्पादनमा केन्द्रित हुदैँ उत्पादन कार्यमा केन्द्रित योजना निर्माण गरि लागु गरिनेछ ।

११. किसानहरुसंग देखिएका कृषि समस्या हल गर्न **कृषकसंग पालिका कार्यक्रम** लागु गरिनेछ ।

१२. निर्माणको अन्तिम चरणमा रहेको शितभण्डार गृहलाई छिट्टै प्रविधि जडान गरि सञ्चालनमा ल्याइनेछ । जसबाट किसानले व्यहोर्दै आएको भण्डार गर्न असमर्थ भइ खेर जाने समस्याबाट मुक्त हुने छन । साथै किसान कृषि उपज खेर जाने समस्याबाट मुक्त हुने छन ।

१३. वडा वडामा कृषि संकलन केन्द्र सञ्चालनमा ल्याउने गरि कार्यक्रम बनाइनेछ ।

१४. **"व्यवसियक खेति गरौ कृषिमा आत्मनिर्भर बनौ"** भन्ने नीति अनुसार पालिका भित्र खाद्यान्न, गेडागुडि, दलहन, हरियो तरकारी, दुध, अण्डा, मासु र माछा आदी उपभोग्य बस्तुहरुको उत्पादन वृद्धि गर्न कृषक प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ छ ।

१५. मौसमि एवम् बेमौसमि तरकारी तथा अन्य नयाँ कृषि उत्पादनमा संलग्न किसानका लागि उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन गरिनेछ ।

१६. व्यवसायिक कृषकबाट उत्पादित उप्पादनलाई बजार व्यवस्थापन गर्न स्थानीय सरकारले विशेष कार्यक्रम ल्याउनेछ । संघ र प्रदेश सरकारसंगको साझेदारीमा **कृषि पूर्वाधार एम्बुलेन्स सञ्चालन** गर्न कृषि उपच ढुवानीको समस्यालाई समाधान गर्दै लैजाने निती लिइने छ ।

१७. सुन्तला, कागति, मह, र तरकारीमा सिस्ने गाउँपालिकालाई आत्मनिर्भर हुने गरि विभिन्न कार्यक्रमहरु अगाडि बढाइनेछ ।

१८. बाँझो जमिनमा ओखर, उखु, टिमुर, स्याउ र लप्सी लगायतका विरुवा रोप्नका लागि अनुदानमा विरुवा उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

१९. बाँदर, सुगा लगायत वन्यजन्तुबाट कृषकलाई परेको समम्यालाई समाधान गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

२०. कृषि उत्पादनलाई वृद्धि गर्ने उद्देश्यले माटो परिक्षण गर्नको लागि आवश्यक उपकरणको व्यवस्था मिलाइनेछ ।

**पशुपालन**

२१. पशुपालन व्यवसायमा सिस्ने गाउँपालिकालाई आत्मनिर्भर गराउन भैसी, खसि, बाख्रा, भेडा, बंगुर, कुखुरा, लगायत पशुपन्छि पालन सम्बन्धि विभिन्न कार्यक्रम सञ्चलन गरिनेछ ।

२२. पशु विकास कार्यक्रमलाई प्रभावकारी बनाउन नश्ल सुधारको लागि बोका, रागौं, बीर (बंगुर) समुह सहकारी तथा फर्मलाई वितरण गर्ने कार्यलाई निरन्तरता दिनइनेछ ।

२३. गाउँपालिकाका व्यवसायिक कृषकहरुलाई गाई/भैसीँ पालनमा आकर्षित गर्दै दुग्ध उत्पादन प्रवर्द्धन गर्ने कार्यक्रम लागु गरिनेछ ।

२४. गाउँपालिकाका पशुपालन किसानहरुलाई उत्प्रेरित गर्न पशु स्वास्थ्य चिकित्सकको व्यवस्था मिलाइनेछ ।

सिस्ने गाउँपालिका

२५. गाउँपालिकाभित्रका जलाशय र माछापोखरीहरुलाई संरक्षण गर्दै व्यवसायिक माछा पोखरी निर्माण गर्ने समुह सहकारी फर्महरुलाई आवश्यक अनुदान उपलब्ध गराई गाउँपालिकालाई माछा उत्पादनमा क्रमशः आत्मनिर्भर गराउदै लगिनेछ ।

२६. गाउँपालिका भित्र रहेका कृषि समुह सहकारी र फर्मलाई बिउवीजन र घाँस उत्पादनमा आत्मनिर्भर बनाउन उन्नत जातको घाँसको बिउ उपलब्ध गराइनेछ ।

**गाउँसभाका सदस्यज्यूहरू,**

## शिक्षा तथा खेलकुद

२७. परपरागत रुपमा चलिरहेको शिक्षा र शिक्षण विधिलाई तालिम र प्रविधिसंग जोडने र गुणस्तरिय बनाउन निती लिइनेछ । चालु शैक्षिक सत्रमा ८ वटा वडाका एक एक वडामा शिशु र आधारभूत विद्यालयबाट सुरु गरिएको प्रविधि युक्त शिक्षा (Smart Education) लाई सवै विद्यालयलमा विस्तार गर्ने कार्यक्रम बनाइने छ ।

२८. आर्थिक वर्ष २०७९।०८० बाट सुरु गरिएको विद्यालयका प्रअ संग कार्यसम्पादन करार सम्झौता गरिएकोमा आगामि आर्थिक वर्ष २०८०।०८१ मा पनि अनिवार्य गर्ने निती अख्तियार गरि सकिएको छ । यसबाट मासिक, अर्धवार्षिक र वार्षिक लक्ष्य किटान गरि लक्ष्य हासिल गर्न आवश्यक प्रकृया अघि बढाइनेछ । यस्तै विद्यायमा शेक्षिक सुधार कार्यक्रम (TIP) र विद्यालय सुधार योजना (SIP) कार्यान्वयन गर्न मुर्त योजना बनाएर परिणाम हासिल गर्न सहयोग शिद्ध बन्ने उद्देश्य राखिएको छ ।

२९. विद्यालयहरुमा सधै खटकिदै आएको भौतिक पूर्वाधार निर्माणका समस्यालाई प्रदेश र संघ सरकारसंगको साझेदारिमा प्राथमिकताका साथ संरचना निर्माण गर्दै जाने कार्यलाई निरन्तरता दिइनेछ ।

३०. सामुदायिक विद्यालयमा पुस्तकालय निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

३१. विद्यालयमा फर्निचर, शैक्षिक सामग्री, विज्ञापन सामग्री, कम्प्युटर सामग्री, खेलकुद र संगितका सामग्री लगायत अन्य सामग्रीलाई आवश्यकताका आधारमा यथाशिघ्र पूर्ति गर्दै लैजाने कार्यक्रम बनाइने छ ।

३२. विद्यालयमा तहगत शिक्षक र विषयगत शिक्षकको समस्या रहि आएको छ । प्राथमिकताका साथ शिक्षक पूर्ति गर्ने योजना बनाइने छ । साथै योग्यता अनुसार परिवर्तित ज्ञान हासिल गर्न छोटो अबधिका तालिम प्रदान गर्दै लैजाने निती लिइने छ ।

३३. बाल मैत्री, छात्रा मैत्री र अपांगमैत्री विद्यालय बनाउने हाम्रो प्रतिवद्धता अनुसार उच्च प्रविधियुक्त र सिपयुक्त संस्था र शिक्षकहरुसंग अनुभव आदानप्रदान गर्दै शिक्षा स्तरीकरण गर्दै लैजाने कार्यक्रम तय गर्दै लगिने छ । साथै शैक्षिक भ्रमणको व्यवस्था मिलाइने छ ।

३४. सामुदायिक विद्यालयमा स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गरि विद्यार्थीको नियमित स्वास्थ्य जाँच गर्ने व्यवस्था गरि किशोर किशोरीहरुलाई उचित स्वास्थ्य परामर्शको व्यवस्था गरिनेछ ।

३५. माध्यामिक विद्यायलमा अध्ययन गर्ने विद्यार्थीहरुलाई संघीयता, सुशासन, सेवा प्रवाह, भष्टाचार न्युनिकरण, उपभोक्ता हक र खाद्य सुरक्षा, साइबर अपराध, घरेलु तथा लैङगिक हिंसा, स्वास्थ्य तथा नैतिक शिक्षा लगायतका विषयमा अनुशिक्षण गर्न **विद्यार्थीसंग गाउँपालिका कार्यक्रम** सञ्चालन गरिनेछ ।

३६. गाउँपालिकाका गरिब तथा जेहन्दार विद्यार्थीहरुको लागि **गाउँपालिका छात्रवृत्ति कार्यक्रम** लागु गरिनेछ ।

३७. न्युन एवम् मध्यम आए भएका परिवारका शिशुहरुको प्राथमिक शिक्षालाई सहज बनाउन दुई बस्तिको वीचमा शिशु विकास केन्द्रको स्थापना गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

३८. उत्कृष्ट विद्यालय र कमजोर विद्यालयको पहिचा गरि असल अभ्यासको आदानप्रदान गर्न प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने नीति लिइने छ ।

३९. गाउँपालिकाको शैक्षिक गुणस्तर सुधार गर्नको लागि **एक वडा एक व्यवस्थित माध्यामिक विद्यालयको** नीति अबलम्बन गर्दै विद्यालयहरुलाई मर्ज गर्न आवश्यक व्यवस्था मिलाइने छ ।

४०. प्रत्येक विद्यालयमा सिकाई सुदृढिकरणको लागि प्रधानाध्यापकहरुलाई समेत **अन्तर विद्यालय अनुगमनको** व्यवस्था मिलाई विद्यालयको शैक्षिक व्यवस्थापनमा जिम्मेवार र जवाफदेही बनाउने नीति लिइनेछ ।

४१. विद्यार्थीहरुमा अन्तरनिहित बाल प्रतिभाहरुको पहिचान गरि सोको प्रवर्द्धन र विकासको **लागि पालिका नानिबाबु प्रतिभा प्रस्तुतिकरण कार्यक्रम** सञ्चालन गरिनेछ।

४२. गाउँपालिका भित्र रहेका खेलाडीहरुको पहिचान तथा विकासको लागि **खेलाडीसंग गाउँपालिका कार्यक्रम** सञ्चलन गरिनेछ।

४३. गाउँपालिकाको समग्र खेलकुदलाई चलायमान बनाई खेलाडीहरुको क्षमता विकसको लागि **पालिका कप खेलकुद** प्रतियोगिताको आयोजना गरिनेछ।

४४. गाउँपालिकाका विभिन्न वडाका उपयुक्त स्थानमा व्याडमिन्टन र भलिवल प्रशिक्षण स्थलहरुको निर्माण गरिनेछ।

**सुशासन तथा संस्थागत विकास**

४५. **गणतन्त्रको आधारः सक्षम स्थानीय सरकारको** नीति अवलम्बन गर्दै भष्टाचारमा शून्य सहनशिलताको नीति लिई नागरिक केन्द्रित सेवा प्रवाहको व्यवस्था गरिने छ।

४६. गाउँपालिकाले गर्ने गतिविधिहरुलाई सूचना पाटी, डिजिटल सूचना पाटी, सामाजिक सञ्जाल तथा वेबसाइट मार्फत सार्वजनिक गरि नागरिकको सूचनाको हकलाई सुनिश्चित गराउँदै गाउँपालिकाले गर्ने कार्यलाई पारदर्शी बनाउँदै नागिरकको घर आगनमा सूचना प्रवाह हुने व्यवस्था मिलाइने छ।

४७. स्थानीय सरकार मध्यको पनि नागरिकको घर आगनको सरकार वडा पालिकालाई सुविधा सम्पन्न बनाउदै नागरिकको सेवा केन्द्रको रुपमा विकास गरिनेछ ।

४८. गाउँपालिकाको कार्यालय अन्तर्गतका कार्यालयहरुबाट सञ्चालन हुने विभिन्न कामहरुको बारेमा आम सिस्नेबासि जनसमुदायलाई सुसूचित गर्दै पारदर्शिता र स्थानीय सरकारलाई जनउत्तरदायी गराउन **जनतासंग स्थानीय सरकार** रेडियो कार्यक्रम सञ्चालन गरिने छ ।

४९. विभिन्न वडाहरुमा प्रत्येक महिना नागरिक भेटघाट गरि आम नागरिको चासो गुनासोलाई सम्बोधन गर्न **जनतासंग अध्यक्ष/उपाध्यक्ष कार्यक्रम** सञ्चालन गरिने छ ।

५०. स्थानीय विवाद गाउँमै निरुपन गरि सुखी र खुसी नागरिक बनाउन तथा न्यायसेवा छिटो छरितो बनाउन टोलटोलमा कानुनी साक्षरता कार्यक्रम सञ्चालन गर्दै वडास्तरमा रहेका मेलमिलाप केन्द्रलाई व्यवस्थित बनाइने छ ।

५१. **हाम्रो विकास हाम्रै लागि हाम्रो संरचना हाम्रो सम्पत्ति** भन्ने अभियान सञ्चालन गरि हरेक वडा तथा बस्तिमा रहेका सार्वजनिक संरचनाको संरक्षण गर्न सवै वडामा **टोल विकास समिति** गठन गर्ने व्यवस्था मिलाइने छ ।

५२. नागरिक मैत्रीसेवा प्रवाह सुनिश्चितताको लागि गाउँपालिका कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था र शैक्षिक संस्थाहरुमा विद्युतीय

हाजिरीको व्यवस्था मिलाई डिजिटल हाजिरी अभिलेख राख्ने व्यवस्था गरिनेछ ।

५३. **सञ्चारककर्मीसंग गाउँपालिका** कार्यक्रम सञ्चालन गरि गाउँपालिको समग्र विकास एवम् वृहत हितको लागि योगदान पुर्याउने पत्रकार तथा सञ्चारकर्मीको मनोबल बढाउन आवश्यक व्यवस्था मिलाइने छ ।

५४. सवै नागरिकको पहुँचमा सूचना पुग्ने गरि सूचना प्रवाह र गुनासो सुनुवाई संयन्त्रको विस्तार गरिनेछ ।

५५. गाउँपालिका तथा वडा पालिकाले प्रत्येक महिना सम्पादन गरेका कामको प्रगति विवरण सहितको **सिस्ने दर्पण** नामक पुस्तक प्रकाशन गर्ने व्यवस्था मिलाइने छ ।

५६. सुशासन कायम गर्नको लागि पदिय आचरण र मर्यादामा रहन पदाधिकारी तथा कर्मचारीहरुको आचार संहिता पूर्णतः लागु गरिनेछ ।

५७. **"तिव्र प्रकृया शिघ्र परिणामको"** नारा चरितार्थ गर्दै प्रवाह गरिने सेवालाई प्रकृयामुखि भन्दा पनि परिणाममुखि हुने निती अख्तियार गरिनेछ ।

५८. जव विधिले काम कार्य गर्न थाल्छ हामि प्रविधिको प्रयोगको विकल्पलाई अपनाउनु पर्दछ । सेवा प्रवाहको क्षेत्रमा प्रविधिको प्रयोगलाई यथासिघ्र प्रयोगमा ल्याइने छ ।

५९. अभाव भएका ठाउँमा जनशक्तिको आपूर्ति यथाशिघ्र मिलाउन जनशक्तिको क्षमता विकासको कार्यक्रमलाई निरन्तरता दिइने छ ।

६०. समय अनुसारको जनशक्तिको व्यवस्था र साधन श्रोतले युक्त बनाउदै प्रभावकारी सेवा प्रवाह मार्फत सुशासनको प्रत्याभूति प्रदान गर्ने निती लिइने छ ।

६१. आवश्यकता अनुसार ऐन नियम नियमावली कार्यविधि बनाउदै जाने र भएकालाई समयानुकुल संसोधन गर्दै जनमैत्री बनाउदै लैजाने निती लिइने छ ।

६२. निरन्तर सार्वजनिक सुनुवाई सार्वजनिक अडिट गर्दै जन निगरानी जन नियन्त्रण र जन निर्मित गर्दै स्थानीय तहलाई सुशासनयुक्त तुल्याउदै लैजाने निती स्थापित गरिने छ ।

६३. सवल स्थानीय सरकारका लागि समयअनुकुल कर लिने नीति रहि आएकोमा आगामी वर्ष घरबहाल करलाई समेत अनिवार्य करमा समावेश गरि संकलन गरिने नीति अख्तियार गरिनेछ ।

**गाउँसभाका सदस्यज्यूहरू,**

**स्वास्थ्य**

६४. स्वस्थ पालिका निर्माण गर्न चालु आर्थिक वर्षमा स्वास्थ्य रणनिति पारित गर्दै आर्थिक वर्ष २०८०।०८१ देखि तदनुकुलका विविध कार्यक्रम मार्फत स्वास्थ्यमा नयाँ मानक निर्माण गर्दै लगिनेछ ।

६५. गर्भवति महिलाको स्वास्थ्यलाई ध्यानमा राखि नियमित रुपमा स्वास्थ्यमा स्वास्थ्य परिक्षण गर्ने व्यवस्था मिलाई संस्थागत प्रसुतीलाई प्रेरित गर्दै प्रसतीको लागि पालिका भित्र **निःशुल्क एम्बुलेन्स सेवाको** व्यवस्था गरिनेछ ।

६६. असहाय तथा आर्थिक रुपले विपन्न नागरिकको स्वास्थ्य उपचारको लागि निःशुल्क स्वास्थ्य विमाको व्यवस्था गरिनेछ ।

६७. जेष्ठ नागरिक अपाङ्ग तथा अशक्त र विपन्न नागरिकहरुको घरघरमा स्वास्थ्य परिक्षणको व्यवस्था मिलाइने छ ।

६८. स्वास्थ्य संस्था गाउँघर क्लिनिक र खोप क्लिनिकलाई सुदृढिकरणका लागि आवश्यक सामग्री सहितका कोठाका व्यवस्था मिलाइने छ ।

६९. उच्च रक्तचाप, मधुमेह र दम जस्ता रोगले ग्रसित **दिर्घरोगिहरुलाई** निशुल्क औषधि उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।

७०. दुर्गम बस्तिका नागरिकको स्वास्थ्यलाई ध्यान दिदै स्थानीय समुदाय र निजी क्षेत्रको समन्वयमा **विशेषज्ञ डाक्टर सहितको स्वास्थ्य शिविर** सञ्चालन गरिने छ ।

७१. विभिन्न रोगहरुको संक्रमणबाट जोगिने तथा रोग निवारण गर्ने खालका विभिन्न जनचेतनामुलक कार्यक्रमहरु आयोजना गरिने छ ।

७२. शिशु मृत्युदर र मातृ मृत्युदर घटाउने निती अनुरुप विविध कार्यक्रम तर्जुमा गर्दै लागु गरिने छ ।

७३. सवै वडाहरुमा खोपको पहुँच पुर्याउने पोषण र स्वास्थ्य आमा सहितको स्वास्थ्य कार्यक्रम बनाई अघि बढिनेछ ।

७४. सर्ने रोगहरु  रोगथाम उपचार तथा प्रवर्धनात्मक कार्यक्रमलाई तर्जुमा गरि लागु गरिने छ ।

७५. सवै सामुदायिक स्वास्थ्य इकाई, सामुदायिक स्वास्थ्य केन्द्र, स्वास्थ्यचौकीहरुमा दक्ष र तालिम प्राप्त जनशक्तिको व्यवस्था गरिनेछ । यसअघि विपन्नका लागि दिइदै आइएको स्वास्थ्य सहयोग कार्यलाई निरन्तता दिइने छ ।

७६. औषधी  एवम् उपकरणको अभाव हुन नदिन समयमै खरिद र आपूर्ति गर्ने व्यवस्था मिलाइने छ ।

७७. स्वास्थ्य सेवामा निदान, उपचार एवम व्यवस्थापनका लागि आधुनिक प्रविधिलाई सहज पहुँचयुक्त पालिका बनाउन विशेष प्रयत्न गरिनेछ ।

७८. ल्याव, रेडियोलोजी, Birthing Center  लगायत स्वास्थ्यकर्मीका लागि विभिन्न स्तरवृद्धि तालिमको व्यवस्था गर्दै लगिने निति लिइने छ ।

७९. संघ र प्रदेशको समन्वयमा विशेषज्ञ र विशिष्ट स्वास्थ्य सेवा प्रदान गर्दै लगिने योजना बनाइने छ ।

८०. **किशोर किशोरी** मैत्री स्वास्थ्य संस्थाहरु क्रमागत रुपमा विस्तार गरि प्रमाणिकरण गर्दै लगिने छ ।

**भौतिक पूर्वाधार**

८१. पूर्वाधारका क्रमागत योजनालाई निरन्तरता दिदै थप योजनाका लागि डिपिआर गर्न आवश्यक पहल गरिने छ ।

८२. आवश्यकता हेरी नयाँ सडक निर्माण गर्ने, पुराना सडक विस्तार गर्ने र कालोपत्रे गर्दै जाने कार्यलाई निरन्तरता दिइने छ ।

८३. सवै वडाहरुमा फोहोर व्यवस्थापनका लागि आवश्यक काम गर्न विशेष व्यवस्था गरिने छ । साथै रुकुमकोट भित्र रहेका होटेल पसलहरुबाट निस्कने फोहोरको मात्रा अनुसार शुल्क निर्धारण गरिनेछ ।

८४. ५ र ६ नम्बर वडा भित्र जारी रहेका ढल निकासको  आयोजनालाई तिव्रतामा विस्तार लाई अन्य बस्ती बस्ती तहमा पुर्याउदै सम्पन्न गर्ने कार्य जारी राखिने छ ।

८५. वडा कार्यालयहरु भाडाको घरमा रहेको कुरालाई मध्यनजर गर्दै वडा कार्यालय भवन निर्माण गर्ने कार्यलाई प्राथमिकतामा राखिएको छ ।

८६. मोटरेबल पुल झोलुङ्गे पुल र हिमालको फेदिमा काठे पुल निर्माण एवम् मर्मत गर्दै लगिने छ ।

८७. गाउँपालिकाको केन्द्र रुकुमकोट बजार सहित अन्य वडाका विभिन्न स्थानमा **सार्वजनिक शौचालय** निर्माण गरि सरसफाई तथा सभ्याताको लागि आवश्यक कार्य सञ्चालन गरिनेछ ।

८८. भौतिक पूर्वाधार सम्बन्धिका विभिन्न योजनाहरु तयार गर्दा अन्तर स्थानीय तह सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसंग लागत साझेदारी गरि कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ ।

८९. गाउँपालिकाका भित्रका रिङरोडहरुलाई स्तरोन्नति र मर्मत गर्दै गाउँपालिका भित्र सहज यातायात सेवाको लागि यातायात व्यवसायिसंग आवश्यक समन्वय गर्ने व्यवस्था मिलाइनेछ ।

९०. सडक खानेपानि विद्युत सामुदियक भवन जस्ता पूर्वाधारहरु सबै वडामा आवश्यकता र औचित्यका आधारमा निर्माण गर्दै लगिनेछ ।

९१. विपद व्यवस्थापन र तत्काल उद्धार लगायतका कार्यको लागि आवश्यक नीति लिइनेछ ।

९२. गाउँपालिका भित्रका सडकहरुमा ट्राफिक संकेतका **चिन्हहरु र दुरीका संकेतहरु** राखी यात्रालाई सूचनामुलक बनाउँदै मुख्य सडकहरुमा **सौर्य सडक बत्ति** जडान गरिनेछ ।

९३. सडक निमार्ण गर्दा वातावरणमा परेको असरलाई ध्यानमा राखि आगामी वर्ष देखि नयाँ सडक **विस्तार भन्दा सडक स्तरोन्नति तथा सुधारमा** ध्यान केन्द्रित गरिनेछ ।

९४. गाउँपालिकाको १, २, ३, ४, ७ र ८ नम्बर वडामा केन्द्रिय प्रशारण लाइनको विद्युत विस्तार गर्न आवश्यक पहल गरिनेछ । साथै सवै वडामा विद्युत सेवालाई नियमित र गुणस्तरिय बनाउने व्यवस्था मिलाइनेछ ।

९५. विस्तृत आयोजना प्रतिवेदन (DPR) का आधारमा ठूला पूर्वाधारहरुको लगानी गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

९६. निर्माण गरिने पूर्वाधारको दिगोपना र गुणस्तर कायम गर्नको लागि गाउँपालिकामा **पूर्वाधार ल्याब स्थापना गर्न** आवश्यक व्यवस्था मिलाइनेछ ।

९७. गाउँपालिका भित्र रहेका सार्वजनिक सम्पत्तिहरुको लगत तयार गरि संरक्षण गरिनेछ ।

९८. आफ्नै भवन नभएका वडा कार्यालहरुका प्रशासकीय भवन निर्माण गर्न जग्गा अधिग्रहण गर्ने व्यवस्था मिलाइनेछ ।

९९. सम्भाव्यता अध्ययन गरि सम्भावित स्थानहरुमा सिचाई कुलो निर्माण गरि कृषि उत्पादन वृद्धि गरिनेछ ।

१००. सिसाजन्य फोहोरलाई व्यवस्थापन गर्न पालिकाभित्र आयात हुने मदिरा जुन डिलरबाट आयात हुन्छ सोहि डिलरलाई सिसा निर्यात गर्ने व्यवस्था मिलाइनेछ ।

१०१. वर्षेनी सानीभेरी नदिले वर्षादको समयमा ढुङ्गा गिट्टि र बालुवा ल्याएर थुपार्ने गरेको भएपनि समय समयमा पर्ने अविरल वर्षाले पुनः उक्त गिट्टि र बालुवा बगाएर हाम्रो गाउँपालिकाको क्षेत्र भन्दा बाहिर लग्ने हुदाँ त्यसलाई रोकि गाउँपालिकाको आन्तरिक राजश्व वृद्धि गर्न पाएक पर्ने स्थानमा खाडल खनेर जम्मा गर्ने व्यवस्था मिलाइने छ ।

१०२. ढुङ्गा गिट्टि बालुवा प्रसोधनका लागि सञ्चालनमा रहेका क्रसर प्लान्टलाई कानुनको दायरामा लिन कार्यविधि निर्माण गर्ने गरिने छ ।

१०३. सिस्ने गाउँपालिका ५ र ६ को मेला र कोरबासमा गिट्टि जन्य पदार्थ उत्खन्न गर्न आवश्यक प्रकृया अघि बढाइने छ ।

**गाउँसभाका सदस्यज्यूहरू,**

## पर्यटन पूर्वाधार

१०४. गाउँपालिका भित्र रहेका ऐतिहासिक कमलदह, कोटदरबार, देउराली गुफ्फा, सप्त ऋषि धारा, झुम्कामारे पार्क, ठाटिडाँडा द्धन्द स्थल संग्रालय, तातोपानी, छिप्रीदह संरक्षण, नेटा पार्क, सिस्ने हिमाल, गुप्ताह दह लगायत गाउँपालिका भित्रका मठ मन्दिरलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न **पर्यटन पूर्वाधार कार्यक्रम** सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।
१०५. गाउँपालिकामा लगानी सम्मेलनको आयोजना गरि निजी क्षेत्रको साझेदारीमा पर्यटन पूर्वाधारका विभिन्न संरचनाहरु निर्माण गरिनेछ ।

१०६. समग्र गाउँपालिकाको पर्यटन प्रर्वद्धनको लागि हाम्रो वडा राम्रो वडा अभियान सञ्चालन गर्दै **एक वडा एक पर्यटकीय स्थल** निर्माण गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखिनेछ ।

१०७. गाउँपालिकाको उपयुक्त स्थानहरुमा झोलुङ्गे पुल निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

१०८. गाउँपालिकाका सवै वडाहरुमा वडाको पहिचान सहितका **होडिङ वोर्ड निर्माण** गर्ने व्यवस्था मिलाइनेछ ।

१०९. गाउँपालिकाभित्र संचालित पर्यटन पूर्वाधारसंग सम्बन्धित क्रमागत आयोजनालाई सम्पन्न गर्दै लैजाने कार्यलाई तिव्रता दिइने छ।

११०. कलमदह, देउराली वढार, तातोपानी, गुप्तादह र सिस्ने हिमाल यि पाँच प्राकृतिक पर्यटकीय क्षर्त्रलाई थप आकर्षक गन्तव्यका रुपमा विकास गर्ने कार्यलाई अगाडि बढाइने छ।

१११. झुम्कामारे शहिद पार्क, ठाटिडाँडा द्धन्द स्थल संग्रालय, छिप्रीदह संरक्षण, नेटा शहिद पार्क, गुरिल्ला ट्रेल र ८ वटै वडाका ऐतिहासिक स्थानका पर्यटकीय क्षेत्रको पूर्वाधार निर्माण कार्य सम्पन्न गर्न विशेष जोड दिइने छ।

११२. देशको वैकल्पिक पर्यटकीय गन्तव्यसम्मको **पहुँच विस्तार गरि विकास गर्ने गरि भइरहवा** विमान स्थल र पोखरा अन्तराष्ट्रिय विमान स्थलसंग सहज र सरल रुपमा रुकुमकोट हुदै सिस्ने पदमार्ग मार्फत से फोक्सुन्डोसम्मको गन्तव्यको विकास गर्न आवश्यक पूर्वाधारका कामहरु सम्पन्न गर्न विशेष पहल गरिनेछ।

११३. सिस्ने बेस क्याम्प, सिस्ने राउण्ड र पुरमुली क्षेत्रमा पूर्वाधार निर्माण गर्दै जाने कार्यलाई अन्य इच्छुक साझेदार संघ संस्थाहरुसंगको समन्वयमा निरन्तरता दिइने छ।

११४. जीप लाइन, रक क्लाइम्बिङ र बन्जीजम्प लगायत सहासिक खेलका लागि सम्भाव्यता अध्ययन र प्रदेश र संघ सरकारको समन्वयमा पूर्वाधार निर्माणका कामलाई प्राथमिकता दिइने छ।

११५. सवै वडाहरुमा प्राकृतिक, सांस्कृतिक, धार्मिक पर्यटकीय क्षेत्रको सम्भाव्यता अध्ययन गरि वृहत योजना तयार पार्ने कार्यलाई प्राथमिकतामा राखिने छ ।

११६. योगशाला, ब्रह्माकुमारी विश्वविद्यालय, मठ, मन्दिर, चर्च लगायत धार्मिक एवम् परम्परागत संस्कार र संस्कृतिको रक्षा विकास प्रवर्द्धनका लागि आवश्यक नीतिगत व्यवस्था गरिनेछ ।

११७. सिस्ने गाउँपालिका ५ मा रहेको कोट दरबार **(बोक्सेजार)** संरक्षणका लागि विस्तृत सम्भाव्यता अध्ययन (डिपिआर) तयार गरि संरक्षण गर्ने कार्य अघि बढाइनेछ ।

## खानेपानी

११८. खेपानीको मर्मत संभार तथा मुहान संरक्षण गर्दै आवश्यकता अनुसार लिफ्ट प्रविधि र ठूला खानेपानी आयोजना सञ्चालन गरि सवै जनताहरुलाई **एक घर एक धारा** मार्फत **स्वच्छ खानेपानी** उपलब्ध गराउन आवश्यक वयवस्था गरिनेछ ।

११९. अनेक प्रयास र लगानीका बावजुत स्वच्छ सफा र पिउन योग्य अझै सहज पहुँच पुर्याउन नसकिएको यर्थात हाम्रा सामु छ । पिउने पानिको समस्या समाधान गर्न भएका खानेपानी आयोजनालाई थप स्तरवृद्धि मर्मत सम्भार गर्दै व्यवस्थित गरिने छ ।

१२०. नयाँ मुहान र आयोजना मार्फत स्वच्छ पिउने पानी जनताका घरघरसम्म पुर्याउने कार्यलाई उच्च प्राथमिकता राखि अघि बढाइने छ । बनेका अन्य संरचनाका कारण फोहोर बनेका आयोजनामा पानी पिउन योग्य बनाउन विशेष ध्यान दिने कार्य अघि बढाइने छ ।

१२१. संघ र प्रदेश सरकारको समन्वय र सहकार्यमा खानेपानी सम्बन्धि समस्या समाधान गर्न विगत वर्षहरुमा जस्तै प्रभावकारी ढङ्गबाट समन्वयात्मक कार्य अघि बढाइने छ ।

१२२. पुराना योजनाहरुको मर्मत सम्भार गरि पानिको सुद्धिकार्य गर्दै नागरिकका घरसम्म पिउने पानी पुर्याउने कार्यलाई निरन्तर जारी रहने छ ।

१२३. नयाँ मुहानको खोजी र नयाँ आयोजना निर्माण कार्यक्रमलाई प्राथमिकता दिइने छ ।

**गाउँसभाका सदस्यज्यूहरू,**

## उद्योग

१२४. **आर्थिक समृद्धिको आधारः लघु उद्यम मार्फत स्वरोजगार** को नारालाई आत्मसात् गरि देशमा बढिरहेको गरिवी र बेरोजगारी समस्यालाई न्युनिकरण गर्न संघ र स्थानीय तहको लागत साझेदारीमा लघु उद्यम विकास कार्यक्रम सञ्चालन गर्न विशेष जोड दिइने छ ।

१२५. युवाहरुलाई उद्यमी बनाई आत्मनिर्भर बनाउन तथा स्वरोजार सृजना गरी युवाहरुलाई स्थानीयस्तरमा नै उद्यमी बन्न प्रेरित गर्ने उद्देश्यले **पालिका युवा उद्यम कार्यक्रम** सञ्चलान गरिनेछ ।

१२६. गाउँपालिका भित्रका युवा तथा महिला दिदिबहिनीलाई स्थानीय स्तरमा पानी, साबुन तथा सेनेटरी प्याड सम्बन्धि कुनै **एक उद्योग** सञ्चालनको लागि आवश्यक तयारी गर्ने नीति लिइने छ ।

१२७. स्थानीय कच्चापदार्थमा आधारित लघु र घरेलु उद्योग सञ्चालन गर्न प्रोत्साहन गरि विपन्न तथा आर्थिक अवस्था कमजोर भएका नागिरकलाई लक्षित गरि विभिन्न सिपमुलक तालिम तथा क्षमता वृद्धि कार्यक्रमको व्यवस्था गरिने छ ।

१२८. पुरानो सिप कलालाई जिवन्त राख्न तथा जेष्ठ नागरिकहरुको अनुभवलाई अनुसरण गरी **अन्तर पुस्ता सिप हस्तान्तरण गर्न** विशेष जोड दिइने छ ।

१२९. सिपयुक्त जनशक्तिका लागि लघु घरेलु उद्योग स्थापना एवम् सञ्चालनका लागि मागमा आधारित प्रविधि सहयोग गर्ने निती लिइने छ । साथै पालिकाभित्रका जग्गा कित्ताकाट रोक्का रहेका कारण थाति रहेको ग्रामिण एकिकृत उद्योग स्थापनाका लागि विशेष ध्यान दिइने छ ।

१३०. गाउँपालिका भित्र सञ्चालन गरिएका सबै व्यवसायहरुलाई दर्ता तथा अभिलेखिकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१३१. महिलाहरुको सक्रिय सहभागितामा स्थापना हुने र सञ्चालनमा रहेका **लघु उद्योगहरुलाई** प्रोत्साहन गर्ने आवश्यक नीति बनाइनेछ ।

**महिला बालबालिका**

१३२. विकासको मुलप्रवाहमा पहुँच पुर्याउनका लागि महिला, दलित, अपाङ्ग, जेष्ठ नागरिक, आदिवासी जनजाति, बालबालिका, एकल महिला, सिमान्तकृत वर्ग लगायतका समुदायहरुको क्षमता विकास आयआर्जन, सशक्तिकरण र अधिकार संरक्षणमा जोड दिदै विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।

सवै नियकायमा महिलामैत्री, बालमैत्री, जेष्ठ नागरिक मैत्री एवम् अपांगमैत्री संरचनाको निर्माण गर्न विशेष जोड दिइने छ ।

१३३. जेष्ठ नागरिक र अपांग नागरिकका लागि दिवा सेवा कक्ष निर्माण गर्न पहल गर्ने अनुभव एवम ज्ञान आदानप्रदान गर्न साथै सम्मान र सहयोग स्वरुप अवलोकन भ्रमणका लागि पहल गरिने छ ।

१३४. सामाजिक रुपमा देखा पर्ने विभिन्न विभेद छुवाछुत असमानता हिंसा र कानुनी अज्ञानताका कारण उत्पन्न परिस्थितिबाट बच्न विभिन्न कार्यक्रमको तर्जुमा गरिनेछ ।

१३५. विभिन्न दिवस महोत्सव एवम सम्मानका विशेष कार्यक्रम सञ्चालन गर्न समन्वय एवम व्यवस्थापन गर्न विशेष पहल गरिनेछ ।

१३६. विभिन्न काल खण्डमा हुनु भएका सम्मानित सहिद व्यवपता व्यक्तिका परिवारहरुका लागि सिस्ने सरकारले सहकारीको माध्यमबाट जिविकोपार्जन विशेष कार्यक्रम सञ्चालन गर्न पहल गर्ने छ ।

१३७. **बाल संरक्षण**, बाल बचाउ, बाल विकास र बालबालिकाका लागि संस्थागत विकास र बाल सहभागितात्मक बालमैत्री स्थानीय शासन सवर्द्धन गर्ने आवश्यक अभ्यासहरु सञ्चालनमा ल्याइनेछ ।

१३८. बाल विवाह तथा हानिकारक अभ्यासहरुलाई न्युनिकरण गर्ने विभिन्न अभियानहरु सञ्चालन गर्दै लगिनेछ ।

**वन**

१३९. **"हरियो वन नेपालको धन"** भन्ने नारालाई अनुसरण गर्दै एक नागरिक एक रुख रोपणको कार्यक्रम सञ्चालन गरि वन क्षेत्रको संरक्षण गरिनेछ ।

१४०. हाम्रो पालिका भित्र रहेका वन पैदवारबाट उल्लेखनिय आम्दानी लिन संघ र प्रदेश सरकारको साझेदारीमा विभिन्न काम गर्ने निती लिइने छ ।

१४१. जडिबुटि संकलन, जडिबुटीको रक्षा र जडिबुटीसंग सम्बन्धित यावत कार्यक्रमका लागि पालिकाले ध्यान केन्द्रित गर्नेछ ।

१४२. प्राकृतिक रुपमा पाइने बहुमुल्य जडिबुटीको व्यवसायिक उत्पादन गर्न प्रोत्साहन गर्ने विविध कार्यक्रम बनाइनेछ ।

१४३. खेर गइरहेका काठको सदुपयोग गर्न एवम् समुदायमा आधारित व्यापक वृक्षारोपन गर्ने कार्यलाई लागु गर्दै लगिनेछ ।

१४४. वन संरक्षण सिमसार संरक्षण ताल तलैया संरक्षण एवम् निर्माण गर्ने जस्ता दिर्घकालिन जलवायुसंग सम्बन्धित कार्यक्रमहरु लागु गरिनेछ ।

१४५. जलवायु परिर्वतनका कारण हिमाल र पहाडमा देखिदै गरेका समस्या समाधान गर्न सवै साझेदार संघ संस्थाहरुसंगको सहकार्यमा जलवायु अनुकुलनका कार्यक्रम सञ्चालन गरिदै लगिनेछ ।

**विपद व्यवस्थापन**

१४६. जलवायु परिर्वतन एवम् पृथ्वीको तापमान तात्दै जाने परिणामका कारण हाम्रो मौसमि वातावरणमा देखा परिरहेका अतिवृष्टि, खण्डवृष्टि, सुख्खावृष्टि र वेमौसमी वर्षाका कारण बाढी, पहिरो, हावा र हुरीबाट सडक, आवास, पिउने पानी र बालीनाली आदिमा प्रत्यक्ष असर परिरहेको परिपेक्षमा हाम्रा निती कार्यक्रम तदअनुकुल हुने छन ।

१४७. विगत वर्षदेखि सञ्चालनमा ल्याइएको पूर्वाधार एम्बुलेन्स सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ । साथै फोहोर व्यवस्थापको समस्यालाई समाधान गर्दै लगिने निती लिइने छ ।

१४८. विपद व्यवस्थापनका लागि विस्तृत योजना बन्दै आइरहेको अवस्थामा हाम्रो सापेक्षातामा -Rapid Responce team- द्रुत कार्य टोली निर्माणका लागि आवश्यक उपकरण लगायत आवश्यक सामग्रीको व्यवस्था गरिनेछ ।

१४९. मानविय एवम् भौतिक क्षति कम गर्न विशेष सतर्कता अपनाउने र यदि क्षति नै भएमा क्षतिपूर्तिको आवश्यक व्यवस्थापन समेतको योजना बनाइने छ ।

**पोषण**

१५०. पोषण कार्यक्रमका लागि संघ एवम् प्रदेश सरकारसंगको साझेदारिमा भइरहेको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१५१. पोषणको बहु आयमिक पक्षलाई दृष्टिगत गरि सुनौला हजार दिनका कार्यक्रम र बहुपोषणका विशेष कार्यक्रमलाई थप प्रभावकारी गराउदै लगिने छ ।

१५२. समुदायमा आधारित पोषणका कार्यक्रम तर्जुमा गरिदै लगिने छ ।

१५३. पोषण कार्यक्रमका लागि विविध कार्यक्रम लागु गर्न दक्ष, सवल र सक्षम जनशक्ति तयार गर्न दिर्घकालीन लक्ष्यलाई ध्यानमा राखिने छ ।

**प्रधानमन्त्री रोजगार**

१५४. संघ सरकार संगको सहकार्यमा प्रधानमन्त्री स्वरोजगार कार्यक्रमलाई समुदाय अनुकुल बनाउदै समुदायमा परिणाममुखी आवश्यकतामा आधारित हुदैँ ठोस मूर्त योजना केन्द्रित बनाइने छ ।

१५५. हाल यो कार्यक्रम कामका लागि पारिश्रमिकमा आधारित समुदायमा अन्तरनिहित रहेको भएपनि विस्तारै सिपयुक्त तालिम, स्वरोजगार एवम् उत्पादनमुखि बनाउने निति लिइनेछ ।

१५६. रोजगार सेवा केन्द्र र श्रम बैंकको रुपमा विकास गर्दै यस कार्यक्रम मार्फत आकर्षक रोजगार कार्यक्रम सञ्चलन गर्दै जाने नीति अपनाइने छ ।

१५७ वैदेशिक रोजगारीलाई सुरक्षित मर्यादित र व्यवस्थित बनाउनको लागि सहजिकरण गर्नुका साथै वैदेशिक रोजगार बोर्डको सचिवालयले प्रदान गर्ने आर्थिक सहायताका साथै अन्य सेवा सुविधालाई स्थानीय तहबाटै

प्रदान गर्नको लागि सहजिकरण गर्दै श्रम स्वीकृत र पुनः श्रम स्वीकृतिको कार्यलाई प्रभावकारी तरिकाले कार्यान्वयन गरिनेछ।

१५८ वैदेशिक रोजगार बोर्डको सचिवालयसंग समन्वय र सहकार्य गरि वैदेशिक रोजगारीबाट फर्केका श्रमिकहरुको ज्ञान, सिप, पूँजी र प्रविधिलाई स्थानीय तहको हितको लागि उपयोग गर्न वा निजको परिवारलाई सामाजिक, आर्थिक, पारिवारिक पुनर्मिलन र पुनः स्थापनाको लागि **पुनः एकिकरण कार्यक्रम** सञ्चालनको लागि पहल गरिनेछ।

१५९ स्थानीय तहबाट नागरिकलाई व्यवसायिक सिप विकास, रोजगारी प्रर्वद्धन, उत्पानशील रोजगारी सिर्जना, उद्यमशिलता प्रवर्द्धन, रोजगारीमा पदस्थापना, स्वरोजगारी, वैदेशिक रोजगारीमा जानेलाई दिइने सेवा, वैदेशिक रोजगारीबाट फर्केका श्रमिकको सामाजिक, आर्थिक, पारिवारिक रुपमा पुनःस्थापना तथा पुनः एकिकरण लगायतका सेवा सहित एकिकृत श्रम र रोजगारमूलक सेवा प्रवाह गर्नको लागि **रोजगार रणनीति** तर्जुमा गरिनेछ।

**गाउँसभाका सदस्यज्यूहरू,**

## सहकारी तथा वित्तिय संस्था

१६०. गाउँपालिकाभित्र रहेका विभिन्न सहकारी संस्थाहरुको अभिलेखिकरण गर्दै एउटै उद्देश्यले स्थापना भएका सहकारीलाई एकिकरण गर्ने नीति लिइनेछ।

१६१. सहकारी ऐन नियम र विनियम बमोजिम सञ्चालन भए नभएको अनुगमन गरि उत्कृष्ट काम गर्ने सहकारीलाई प्रोत्साहन गरिनेछ।

१६२. गाउँपाललिका क्षेत्र भित्र रहेका बैंक तथा वित्तिय संस्थाहरुलाई वडास्तरसम्म आफ्नो सेवा विस्तार गर्न प्रोत्साहन गरिनेछ ।

१६३. गाउँपालिकामा सञ्चालनमा रहेका वित्तिय संस्थालाई प्रचलित कानूनको दायरामा लिई वित्तिय संस्थालाई गाउँपालिकाको नीति अनुसार सञ्चालनको लागि वित्तिय आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

१६४. गाउँपालिकाको सर्वाङगिन विकासका लागि वित्तिय अवस्थामा सुधार गर्न करको दर कम र दायरा फराकिलो बनाउने नीतिलाई निरन्तरता दिइनेछ ।

१६५. सहकारी मार्फत समुदायमा आर्थिक विकासका विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै गाउँपालिकाका सहकारीहरुको सुदृढीकरणमा विशेष ध्यान दिइनेछ ।

१६६. महिलाहरु मात्र सदस्य रहेका सहकारीहरुलाई प्रोत्साहन गर्ने खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**अन्तमा** गत आर्थिक वर्षमा लिइएका नीति तथा कार्यक्रमलाई इमान्दारीपूर्वक कार्यान्वियन गर्दै उल्लेखनिय परिणाम हासिल गर्न मद्दत पुर्याउनु हुने सम्पूर्ण जनसेवक कर्माचारीहरुमा विशेष धन्यवाद व्यक्त गर्दछु । साथै यो नीति तथा कार्यक्रम निर्माण कार्यमा महत्वपूर्ण सहल्लाह सुझाब सहित महत्वपूर्ण समय दिनुहुने उपाध्यक्ष, वडा अध्यध्य, कार्यपालिका सदस्य ज्यू एवम् सम्पूर्ण कर्मचारी साथिहरु तथा सवै गाउँपालिकावासी दाजुभाइ तथा दिदिवहिनीलाई विशेष धन्यवाद व्यक्त गर्दछु । **धन्यवाद**

.....................

कृष्ण रेग्मी

अध्यक्ष

सिस्ने गा.पा रुकुम पूर्व

सिस्ने गाउँपालिका